# बोक्सी प्रथा जस्तो अन्धविश्वास विरुद्ध तपाईं हामी एक जुट होऔं ।



## कसलाई भनिन्छ बोक्सी ?

कसैको कुभलो चिताउने व्यक्ति वा कामना गर्ने व्यक्तिलाई हाम्रो समुदायले पुरूषलाई बोक्सा तथा महिलालाई बोक्सी भनि सम्बोधन गर्ने गर्दछ ।

अपवाद बाहेक एकल, दलित, जनजाति, पछाडि परेको अथवा पारिएको समुदाय र कमजोर आर्थिक अवस्था भएको व्यक्तिलाई बोक्सीको आरोप लगाइन्छ ।

## के बोक्सी हुन्छ त ?

संसारमा बोक्सी हुदैनन्, त्यो अप्रमाणित बिषय हो, यो त कमजोर, असाह्य व्यक्ति माथि थुपारिएको आरोप हो । यो अन्धविश्वास र कुरीति हो ।

## सोच्नुहोस् त ?

यदि हाम्रो समाजमा बोक्सी हुने भएको भए बोक्सी भनिने व्यक्ति आफु चाँहि किन शक्तिशाली बन्दैनन् ? समाजले बोक्सा–बोक्सी आरोप लगाएका र तिरस्कार गरिएका व्यक्ति साँच्चै शक्तिशाली हुन्थे भने किन उनीहरू आर्थिक रूपमा सम्पन्न हुँदैनन् ? किन जिन्दगी नै गरिबीमा बिताउन बाध्य हुन्छन् ? समाजले बोक्सीको आरोपमा जिउदै आगोमा जलाउँदा समेत किन बोक्सी भएको स्विकार गर्दैनन् ? किन बोक्सी भएको प्रमाण भेटिदैन ? यसले पनि स्पष्ट हुन्छ संसारमा बोक्सी हुदैनन् ।

## बोक्सीको आरोपमा हाम्रो समाजले के गर्छ ?

बोक्सी भनेर कुनै व्यक्तिलाई आरोप लगाउने, गाली बेज्जइती गर्ने, आरोपित परिवारप्रति अपमानित व्यवहार गर्ने, बहिष्कार गर्ने, बसेको ठाउँबाट निकाला गर्ने, कुटपीट गर्ने, डाम्ने, जलाउने, आँखा झिक्ने, मलमुत्र खुवाउने, चारपाटा मुड्ने, तेलमोसो दल्ने, नग्न बनाएर घुमाउने, अंगभंग गर्ने, सम्पति तोडफोड गर्ने जस्ता अमानविय व्यवहार गर्ने गरेको पाइन्छ ।

## नेपालमा कानुनी प्रावधान के छ ?

नेपालमा वि.सं. २०७२ साउन १८ गते बोक्सीको आरोप (कसुर र सजाय) ऐन, २०७२ जारी भई कार्यान्वयनमा ल्याईएको छ । उक्त ऐनमा बोक्सीको आरोप सम्बन्धी कसुर गर्ने व्यक्तिलाई कसुरको मात्रा अनुसारको देहाय बमोजिमको सजायको व्यवस्था गरेको छ ।

- बोक्सीको आरोप लगाउने व्यक्तिलाई ६ महिना देखि २ बर्ष सम्म कैद र पाँच हजार देखि बीस हजार सम्म जरिवाना ।
- बोक्सीको आरोपमा गालीबेज्जती गर्ने वा बोक्सीको आरोप लागेको व्यक्तिको परिवारको सदस्यप्रति अपमानजनक व्यवहार गर्ने व्यक्तिलाई १ बर्ष देखि ३ वर्ष सम्म कैद र दश हजार देखि तीस हजार सम्म जरिवाना ।
- बोक्सीको आरोपमा बहिष्कार गर्ने वा बोसोबास गरेको ठाउँबाट निकाला गर्ने व्यक्तिलाई २ वर्ष देखि ५ बर्ष सम्म कैद र बीस हजार देखि पचार हजार सम्म जरिवाना ।
- धामी–झाक्री, टुनामुना, तन्त्रमन्त्र, झारफुक वा यस्तै अन्य कुनै माध्यमद्वारा आरोप लगाउने व्यक्तिलाई ३ वर्ष देखि ७ वर्ष सम्म कैद र तीस हजार देखि पचहत्तर हजार सम्म जरिवाना ।
- बोक्सीको आरोपमा कुटपिट गर्ने, खोप्ने, डाम्ने, पोल्ने वा रसायनिक, बिषालु वा जैविक पदार्थ प्रयोग गरी वा अन्य कुनै किसिमले यातना दिने, मलमुत्र खुवाउने, चारपाटा मुड्ने, नग्न पारी घुमाउने वा कुनै किसिमको क्रुर, अमानविय अपमानजनक व्यवहार गर्नेलाई ५ वर्ष देखि ८ वर्ष सम्म कैद र पचास हजार देखि एक लाख सम्म जरिवाना ।
- बोक्सीको आरोपमा अंगभंग गर्ने व्यक्तिलाई प्रचलित कानुन बमोजिम हुने सजायमा थप १० प्रतिशत सजाय हुने ।
- बोक्सीको आरोपमा यस्तै कुनै कार्य गर्न उद्योग गर्ने, दुरूत्साहन दिने वा सहयोग गर्ने व्यक्तिलाई मुख्य कसुरदारलाई हुने सजायको आधा सजाय हुने ।
- बोक्सीको आरोपमा सजाय पाईसकेको व्यक्तिले पुनः सोही कसुर गरेमा पटकैपिच्छे दोब्बर सजाय हुनेछ ।

## सुचना क-कसले दिन सक्छ ?

कुनै ठाउँमा बोक्सीको आरोप सम्बन्धी कसुर भएको, भईरहेको वा हुन लागेको थाहा पाउने जुनसुकै व्यक्तिले सो सम्बन्धी विवरण खुलाई यथासिघ्र लिखित वा मौखिक सुचना नजिकको प्रहरी कार्यालयमा दिनुपर्नेछ ।


**प्रदेश सरकार**

**सामाजिक विकास मन्त्रालय**

**सुदूरपश्चिम प्रदेश**

**धनगढी, कैलाली**

**फोन नं. ०९१-५२५००९**, Email: mosdkailali07@gmail.com, Website: www.mosd.p7.gov.np


बोक्सीको आरोपमा कुनै व्यक्तिप्रति कसैले कानुन बमोजिम बर्जित गरिएको कार्य गरेमा वा सो सम्बन्धी जानकारीहरू भएमा सम्बन्धित स्थानीय तह, नजिकको प्रहरी कार्यालयमा उजुरी दिन सकिनेछ । सामाजिक विकास मन्त्रालय सु.प. प्रदेश को निःशुल्क टोल फ्रि नं. १६०९१५५५६३ मा समेत फोन गर्न सक्नु हुनेछ । हाम्रो समाजमा अन्धविश्वासको रूपमा रहेको बोक्सी प्रथा जस्तो अमानवीय व्यवहारलाई अन्त्य गर्ने अभियानमा तपाई हामी संगै हातेमालो गरौं ।